# संघीय संसद
## संसदीय सुनुवाई समिति

संसदभवन, सिंहदरबार
काठमाडौं, नेपाल ।
फोन/फ्याक्स:०१ ४२००२७७,
इमेल:parl_hearing@parliament.gov.np


२०७५/११/२१ गते, मंगलबार ।

## ४०औं बैठकको निर्णय

१. समितिको आजको बैठकमा छलफलका लागि आमन्त्रित मधेशी,थारु र मुस्लिम आयोगको अध्यक्ष पदमा प्रस्तावित क्रमशः डा.विजयकुमार दत्त, श्री विष्णुप्रसाद चौधरी र श्री समिम मियाँ अन्सारीसँग प्रस्तावित पदका सम्बन्धमा योग्यता, अनुभव, अवधारणा तथा कार्ययोजनाका सम्बन्धमा छलफल भयो ।

२. संवैधानिक परिषद्‌बाट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय समावेशी आयोग, मधेशी आयोग,थारु आयोग र मुस्लिम आयोगको अध्यक्षको पदमा नियुक्तिको लागि क्रमशः श्री बालानन्द पौडेल, डा. शान्तराज सुवेदी, डा. विजयकुमार दत्त,श्री बिष्णुप्रसाद चौधरी र श्री समिम मियाँ अन्सारीलाई प्रस्ताव गरी नेपालको संविधानको धारा २९२ को उपधारा (१) बमोजिम संसदीय सुनुवाईका लागि पठाईएकोमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २५ र २६ तथा संसदीय सुनुवाई समितिको कार्यविधि, २०७५ बमोजिम सुनुवाई गर्दा प्रस्तावित व्यक्तिहरु योग्यता, क्षमता र अनुभवको आधारमा प्रस्तावित पदका लागि योग्य देखिनुभएको हुँदा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २६ को उपनियम (५) बमोजिम उल्लेखित पदका लागि प्रस्तावित क्रमशः श्री बालानन्द पौडेल, डा. शान्तराज सुवेदी, डा. विजयकुमार दत्त र श्री बिष्णुप्रसाद चौधरी को नाम अनुमोदन गर्ने निर्णय भयो ।

३. मुस्लिम आयोगको अध्यक्षको पदमा प्रस्तावित श्री समिम मियाँ अन्सारीले जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट बंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिएकोले निजको माता र पिताको नागरिकता सम्बन्धी विवरण समिति समक्ष उपलब्ध गराउनका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पत्राचार गर्ने निर्णय भयो ।

४. मिति २०७५।११।१० मा श्री जिल्ला प्रशासन कार्यालय काठमाडौंद्वारा यस समितिमा प्रेषित पत्रसँग संलग्न मुस्लिम आयोगको अध्यक्षको पदमा प्रस्तावित श्री समिम मियाँ अन्सारीको नागरिकताको विवरणमा जन्म मिति अलग अलग देखिएकोमा के कारण सो हुन गएको हो सो विवरण खुलाई पठाउन उक्त कार्यालयलाई पत्राचार गर्ने निर्णय भयो ।